**२०७२ साल पौष २८ गतेको नगरपरिषद् बैठकमा छलफल गरी निम्न अनुसार निर्णय गरियो ।**

निर्णय नं.११

आ.व. ०७१/०७२ को यथार्थ आय व्ययलाई अनुमोदन गर्ने निर्णय गरियो । चालु आ.व.०७२/०७३ को संसोधित आय/व्ययको अनुमानलाई स्वीकृत गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.१२

२०६० साल अगाडीको पेश्की वेरुजू फर्छोटको लागि समिति गठन गरि कार्यगर्दै आएकोमा त्यसलाई अझ प्रभाबकारी कार्यान्वयनको लागि  न.पा. वोर्डलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

आ.व. ०७१/०७२ मा संचालन भई कार्य सम्पन्न भएका योजनाहरुको जाँच पास र फरफारकका लागि नगरपरिषद्मा पेश हुँदा सो सम्वन्धमा छलफल भई जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

भरतपुर नगरपालिका पदपूर्ति समितिका सदस्य सचिव महेश बरालले पेश गरेको पदपूर्ती समितिको प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा औलाएका विषयवस्तुलाई कार्यान्वयन गर्न भरतपुर उप-महानगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१५

कर, दस्तुर, शुल्क, महशुलको दररेट छुट भएमा वा संसोधन र निर्धारण गर्नु पर्ने भएमा नगरपरिषद्वाट अनुमोदन गराउने गरी कार्यन्वयन गर्न भ.उ.म.न.पा.वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

वालमैत्री कोषमा रकम संकलनका लागि नगर क्षेत्र भित्र सञ्चालन हुने मेला, महोत्सवहरुमा थप शुल्क लिन सक्ने अधिकार भ.उ.म.न.पा. वोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं.१७

साविक भरतपुर नगरपालिकाले जग्गा विकास तथा भवन मापदण्ड २०६४ कार्यान्वयन गर्दै आएकोमा यसलाई परिमार्जन गरि तयार गरिएको भ.उ.म.न.पा.को वस्ति बिकास,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड ,२०७२ (संसोधित एवं परिमार्जित) छलफल गरी पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

सरकारी/सार्जजनिक भवनको नक्सा पास अपाङ्ग मैत्री भए मात्र सो को नक्सा पास गर्ने नीति कार्यान्वयन गर्दै आएकोमा त्यसलाई आ.व. ०७२/०७३ देखी अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.१९

विद्युतीय वोलपत्र प्रणालीलाई आ.व. ०७०/०७१ देखी कार्यान्वयन गरिएकोमा यसलाई चालु आ.व. ०७२/०७३ र आगामी आ.व. ०७३/०७४ मा समेत प्रभावकारी रुपमा कार्यान्वयनमा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.२०

आ.व. ०७२/०७३ को लागि वार्षिक खरिद योजना बजेट एवं कार्यक्रम संगै पेश भए अनुसार पारित गर्ने निर्णय गरियो । साथै आगामी आ.व. ०७३/०७४ का लागि बजेट तथा कार्याक्रम अनुसार खरिद योजना पारित गर्ने निर्णय गरियो । खरिद योजना अनुसूचीमा संलग्न छ ।

निर्णय नं.२१

आ.व. ०७१/०७२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरियो साथै लेखा परिक्षण प्रतिवेदनमा औंलाएका वेरुजुहरुको फर्छ्यौटतर्फ आवश्यक कारर्वाही गर्न र सुझावहरुलाई कार्यान्वयन गर्न उप-महानगरपालिकालाई निर्देशन दिने र उक्त अन्तिम लेखा परिक्षण प्रतिवेदन पारित गर्ने निर्णय गरियो । ले.प. प्रतिबेदनमा उल्लेखित पेश्की वेरुजु फर्छ्यौट गर्न कार्यदल परिचालन गर्ने निणर्य गरियो ।

निर्णय नं.२२

क्षमता विकास योजना आ.व. ०७२/०७३ सम्मका लागि निर्माण गरी पारित भई सकेको हुँदा सोही वमोजिम चालु आ.व.०७२/०७३ मा कार्यान्वयन गर्ने निर्णय गरियो । नयाँ क्षमता बिकास योजना निमार्ण गरी पारित गर्न भ.उ.म.न.पा. बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निणर्य गरियो ।

निर्णय नं.२३

आ.व. ०७२/०७३ को भ.उ.म.न.पा. कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२४

आ.व. ०७१/०७२ को सामाजिक परिक्षणको अन्तिम प्रतिवेदन नगरपरिषद् वैठकमा पेश भएकोमा सो उपर छलफल गरी प्रतिवेदनमा उल्लेखित विषयवस्तुहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२५

फोहरमैला व्यवस्थापनको लागि जनचेतना मुलक कार्यक्रम यस चालु आ.व. ०७२/०७३ र आगामी आ.व. ०७३/०७४ मा समेत संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

यस भरतपुर उ.म.न.पा. मा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइएको कार्य विवरणका आधारमा निम्न अनुसार मुल्याङ्कनका सूचक बनाई उत्कृष्ठ पाँच जना कर्मचारीलाई निम्न अनुसार प्रसंशा-पत्र द्वारा पुरष्कृत गर्ने निर्णय गरियो ।

क. सूचक		समय पालन		अंक २० प्राप्ताअंक .........

ख. सूचक		इमान्दारीता		अंक २० प्राप्ताअंक .........

ग.सूचक		अनुशासन		अंक २० प्राप्ताअंक .........

घ. सूचक		कार्यदक्षता		अंक २० प्राप्ताअंक .........

ङ. सूचक		लगनशिलता		अंक २० प्राप्ताअंक .........

वडा सचिब श्री सोम बहादुर लामा	प्राप्ताअंक ७५

नगर प्रहरी श्री राजु थापा मगर	प्राप्ताअंक ७३

कार्यालय सहयोगी श्री सिता राम देवकोटा र श्री सुर्य नगरकोटी	प्राप्ताअंक ७२ , ७१

स्बीपर श्री देब माया देउजा	प्राप्ताअंक ७०

निर्णय नं.२७

स्थानीय स्वायत्त शासन नियमावली, (चौथो संसोधन २०६६) २०५६ को नियम २२५ (ख) १, २ वमोजिम २०६७ साल देखी विशेष वढुवा भएका कर्मचारीहरुलाई ऐ ऐ नियमावलीको दफा २२५ (ख) को उपनियम (सात) वमोजिम नगरपालिकाको हाल मौजुदा रिक्त स्वीकृत दरवन्दीमा पदपूर्ती समितिको सिफारिस अनुसार न.पा. वोर्डले निर्णय गरी नियुक्ती दिंदाका वखत पदस्थापन गरे अनुसार यस उप-महानगरपालिकाको शाखा/उपशाखाहरुमा रहेको रिक्त दरवन्दी, पद, श्रेणी र तहमा पदसमायोजन गर्ने निर्णय कार्यान्वयनका लागि भ.उ.म.न.पा वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

चालु आ.व. ०७०/०७१ देखी नै वातावरण संरक्षण विशेष कोष खडा गर्ने र वातावरण संरक्षणसंग सम्वन्धित कार्यक्रमहरुको खर्च व्यवस्थापन सोही कोषवाट गर्ने गरिएकोमा यसलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.२९

राष्ट्रिय कार्यक्रमका अतिरिक्त जनस्वास्थ्य प्रर्वद्धन सम्वन्धी थप कार्यक्रमहरु नगरपरिषद्ले वजेट विनीयोजन गरे अनुसार संचालन गर्ने निर्णय गरियो । साथै स्वास्थ्य योजना पारित गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.३०

विपदका क्षेत्रहरु, जोखिमको अवस्था, जोखिम न्यूनिकरणका उपायहरु समेत उल्लेख गरी आवधिक विपद् जोखिम व्यवस्थापन योजना (Disaster Risk Management Plan 2070) पारित गरी कार्यान्वयन गरिएकोमा त्यसलाई यस भ.उ.म.न.पा. को कार्य योजनाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३१

आ.व. ०७२/०७३ को लागि संसोधित र ०७३/०७४ को लागि वार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम २०७२ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३२

छुट्टै विपद् व्यवस्थापन कोष खडा भएकोमा सो कोषमा रकम जम्मा गर्ने र सो संग सम्वन्धित कार्यहरुको खर्च सोही कोषवाट गर्ने निर्णय गरियो ।

निर्णय नं.३३

भरतपुर उप-महानगरपालिकामा कार्यरत नगर प्रहरीहरुको काम कारवाही अझ व्यवस्थित गर्न र वृत्ति विकास समेतको लागि विनियम बनाउन  भ.उ.म.न.पा.बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निणर्य गरियो ।

निर्णय नं.३४

भरतपुर उप-महानगरपालिका वडा नं. ११ को बर्मेलिटोलमा निमार्ण भएका घरहरुको जग्गा भ.उ.म.न.पा. वडा न.२ निबासी श्री चिजकुमार श्रेष्ठको नाममा रहेको र गत बर्ष उक्त बर्मेली टोल निबासीहरु र जग्गा धनि वीच सहमति भई वर्मेलीटोल निवासीहरुले आफ्नो नाममा जग्गा धनि प्रमाण पुर्जा प्राप्त गरेको वर्तमान अबस्थामा नक्शा पास रोकिरहेकोमा उक्त क्षेत्रमा सडक तथा भबनको मापदण्ड पुगेका घरहरुको नियमानुसार जरिवाना लिई  सो घरहरुको नक्शापासको लागि २०७३ पुष मसान्त भित्र निबेदन पेश गरेको खण्डमा नक्शापास मापदण्ड बमोजीम नक्शा पास गरीदिने निर्णय गरियो ।

निर्णय नं.३५

जिन्सी निरिक्षण प्रतिवेदन उपर छलफल गरी सो प्रतिवेदनले औल्याएका सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो । साथै यस कार्यालयको स्वामित्वयमा रहेका, जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम गर्न सिफारिस गरेका सामाग्री प्रकृया पुऱ्याई लिलाम विक्री गर्ने निर्णय गरियो ।

निर्णय नं.३६

स्थानीय स्वयत्त शासन ऐन,२०५५ को दफा २४९ वमोजिम यस नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी वर्तमान कार्यवोझलाई आधार मानी मौजुदा दरवन्दीलाई कायम गर्ने निर्णय गरियो । दरबन्दीको संरचना अनुसुचीमा संम्लग्न छ ।साथै अति आवश्यक पर्ने क्षेत्र (प्राविधिक, सरसफाई,वातावरण संरक्षण,पाकिङ्ग व्यवस्थापन, वारुणयन्त्र संचालन) आदि कार्य सेवा करारमा काममा लगाई संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३७

लैङ्गिक समता तथा समाजिक समावेशीकरणको नीति वमोजिम आर्थिक तथा समाजिक रुपमा पछाडी परेका समुदायको उत्थानको लागि नगरपालिका अनुदान संचालन कार्यविधिले उल्लेख गरे वमोजिम लक्षित समुहलाई

प्रत्यक्ष फाइदा पुग्ने गरी विनियोजित वजेटमा उल्लेखित कार्यक्रमहरु आ.व. ०७२/०७३ र आ.व. ०७३/०७४ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३८

बालश्रम निवारण सम्वन्धी साथै बालमैत्री स्थानीय शासन पद्दती/कार्यक्रमलाई अझ प्रभावकारी रुपले कार्यान्वयन गर्ने र वि.सं. २०७६ सम्म वालमैत्री नगर घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.३९

चालु आ.व. ०७२/०७३ र आ.व. ०७३/०७४ लाई समेटिने गरी पेश भएको यस भरतपुर उप-महानगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४०

भ.उ.न.पा. को आन्तरीक आय वृद्दीको लागि करदाता शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४१

मर्मत सम्भार निर्देशिका २०७० पारीत गरी कार्यान्वयन गर्दै आएकोमा भरतपुर उप-महानगरपालिकाको लागि उक्त मर्मत सम्भार निर्देशिका प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४२

न.पा. मा संचालन हुने आयोजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षण एवं अनुगमन र सुपरीवेक्षणका लागि न.पा. प्रमुखको अध्यक्षतामा न.पा. वोर्डले वनाएको अनुगमन समितिलाई निरन्तरता दिदै अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४३

भरतपुर उप-महानगरपालिका क्षेत्र भित्र रहेका (सार्वजनिक/ऐलानी, पर्ती) जग्गाहरुको अभिलेख व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.४४

आ.व. ०७०/०७१ भन्दा अगाबै व्यवसाय दर्ता गरी व्यवसाय संचालन नगरेका व्यवसायीहरुको लगत कट्टा गर्नका लागि सार्वजनिक सूचना जारी गरी तोकिएको मिति भित्र व्यवसाय दर्ता खारेज गर्न आउने व्यवसायीहरुले तिर्नु पर्ने पछिल्लो तिन आर्थिक वर्षको लाग्ने शुल्क (कर चुक्ता गराई) वडा समिति कार्यालयको सर्जमिन मुचुल्काको आधारमा लगत कट्टा गर्ने नीतिगत निर्णय गरियो ।

निर्णय नं.४५

वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० आ.व. ०७०/०७१ देखी कार्यान्वयन गरिएकोमा यस प्रारुपलाई यसै चालु आ.व. ०७२/०७३ मा समेत विभिन्न कार्यक्रम योजना तर्जुमा गरी संचालन गर्न भ.उ.म.न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने र सोही निर्णय अनुसार कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४६

साविक भरतपुर नगरपालिकाको नवौं नगरपरिषद्को नीति अनुरुप विध्यमान कर्मचारी संख्यामा कटौती गर्ने नीतिलाई कार्यान्वयन गर्न यस कार्यालयमा १५ वर्ष भन्दा वढी स्थायी सेवा अवधी पुरा गरेका कर्मचारीहरु मध्येवाट चालु आ.व. ०७२/०७३ मा दुई जना स्थायी कर्मचारीहरुले यस Golden Handshake को निर्णय बमोजिम स्वच्छीक अवकास लिन चाहेमा पहिला निवेदन पेश गरेको तथा औचित्यको आधारमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६८ बमोजिम निजले पाउने उपदान रकमको हिसाव गर्दा निजको सेवा अवधिमा थप सात वर्ष सेवा अवधि थप गरी हुने जम्मा कुल वर्ष वरावरको उपदान रकम निजलाई स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ बमोजिमको कोषवाट भुक्तानी दिने निर्णय गरियो । पुनश्चः ५८ वर्ष पुरा भई अनिवार्य अवकास हुने उमेर सात वर्ष भन्दा कम वर्ष भएका कर्मचारीहरुको हकमा अनिवार्य अबकास हुन जति वर्ष बाँकी छ सोही वर्ष मात्र थप गणना गरी यो सुविधा दिइने छ ।

निर्णय नं.४७

साविक भरतपुर नगरपालिका कार्यालयको संगठन संरचनालाई समयानुकुल, एवं चुस्त दुरुस्त वनाउन र कर्मचारीहरुको वृति विकास गर्नका लागि चालु आ.व. ०७२/०७३ मा संगठन विकास सम्वन्धी अध्ययन विश्लेषण गराउन परामर्शदाता नियुक्त गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४८

भरतपुर उप-महानगरपालिका को क्षेत्र बिस्तार भई साबिकको १४ वडा बाट हाल २९ वडा कायम भएको बर्तमान सर्न्दभमा नगरबासिलाई सर्बसुलभ सेवा प्रदान गर्न सेवाकेन्द्र स्थापनागर्न नागरिक समाज,राजनैतिक दल एवम् नगरबासिबाट व्यापक माग आएकोले भ.उ.म.न.पा.वडा नं.१० स्थीत वडा समितिको कार्यालयमा १ एक अधिकृत कर्मचारि समेत रहने गरि एक वटा सेबा केन्द्र स्थापना गर्ने र यस कार्यालय बाट अधिकार प्रत्यायोजन भए बमोजिम सेबा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.४९

आ.व. ०७१/०७२ देखी लागु हुने गरी एक घर दुई रुखको नीतिलाई यस भ.उ.म.न.पा. को नक्सापास मापदण्डमा Tie-Up गरी कार्यान्वयन गरिएकोमा यो नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.५०

भरतपुर उप-महानगरपालिका वडा नं. १, ३, ४, ५ स्थित नारायणी नदी किनार तथा नगरबन विशेष गरी नारायणगढ बजार क्षेत्रलाई पर्यटकीय स्थल, मनोरञ्जन पार्क तथा तीर्थस्थलको रुपमा समेत विकास गर्न आवश्यक देखिएकोले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली,२०६४ को नियम १५७ वमोजिम सार्वजनिक नीजि साझेदारी अवाधारणाअनुरुप नीजि क्षेत्र, नागरीक समाज समेतलाई सहभागी गराई कार्य गर्नका लागि निर्देशिका वनाउन न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५१

आ.व. ०७१/०७२ को यथार्थ आय तथा खर्चको अन्तिम लेखा परिक्षण प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि प्रकाशीत गर्ने निर्णय गरियो ।

निर्णय नं.५२

सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिमका सूचनाहरु कानुनले तोके बमोजिम प्रकाशन गर्ने र उक्त कार्य गर्न सूचना शाखा/सूचना अधिकारी/सूचना अधिकृत लाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.५३

नगर प्रोफाइल २०७२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५४

आवधिक नगर विकास योजनामा समय सापेक्ष परिमार्जन गर्ने निर्णय गरियो । साथै चालु आ.व. ०७२/०७३ मा भ.उ.म.न.पा. को नगर यातयात गुरु योजना अनुमोदनको लागि भ.उ.म.न.पा.बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५५

आगामि आ.व. ०७३/०७४ देखि भरतपुर उप-महानगरपालिका को दिगो फोहरमैला व्यबस्थापनको लागि सार्वजनिक निजि साझेदारीको नीति अनुरुप कार्ययोजना निमार्ण गर्न र चालु आ.ब.को बाकि छ ६ महिनाको लागी साबिकको निजि क्षेत्र ठे. श्याम कुमार श्रेष्ठ र यस कार्यालय बिच भएको सम्झौताको म्याद थप गरि कार्यगर्न भ.उ.म.न.पा. वोर्ड लाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.५६

एक आर्थिक बर्ष समाप्त भए पश्चात चालु आ.व.को अघिल्लो आ.ब.देखि मात्रको हिसावले हुन आउने सरसफाई सेबा शुल्कको ३० (तिस) प्रतिशत रकम सम्बन्धित टोल बिकास संस्था लाई फिर्ता दिने यस कार्यालयको मिति २०७२/०५/१८ को निर्णय अनुमोदन गर्ने र चालु आ.ब. ०७२/०७३ देखि यसै निणर्यको आधारमा सरसफाई सेबा शुल्क फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं.५७

भरतपुर उप-महानगरपालिका को दिगो फोहरमैला व्यबस्थापनको लागि चालु आ.ब.मा २ दुई वटा कम्प्याक्टर (सबारी साधन) स्वीकृत वजेटबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.५८

भ.उ.म.न.पा.कार्यालयको पेश्की तथा बेरुजु फर्च्यौट समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५९

नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव र यस कार्यालयका कार्यकारी अधिकृत बीच मिति २०७१/८/५ मा भएको कार्य सम्पादन सम्झौतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो । साथै उक्त सम्झौतालाई उप-महानगरपालिकाको मूल नीतिको रुपमा अपनाउने निर्णय गरियो । सो अनुसार बजेट कार्यक्रम बनाई कार्य योजना अनुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.६०

वि.सं. २०७६ साल सम्म साविक भरतपुर उप-महानगरपालिकालाई बालमैत्री स्थानीय शासन नगर घोषणालाई निरन्तरता दिदै हाल भरतपुर उप-महानगरपालिकामा थप भएका वडाहरुलाई समेत समावेश गरी सोही अवधी सम्ममा यस उप-महानगरपालिकालाई बालमैत्री स्थानीय शासन उप-महानगरपालिका घोषणा गर्नका लागि विस्तारित क्षेत्रमा समेत बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम विस्तार गर्ने गरी विगत वर्षदेखि संचालन गर्दै आएका कार्यक्रमहरुलाई निरन्तरता दिई घोषणा गर्न पुरा गर्नुपर्ने निर्धारित सूचकहरुको आधारमा आवश्यक थप पूर्वाधार तयार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं.६१

यूनिसेफ नेपालको साझेदारीमा संचालित बाल संरक्षण तथा बाल श्रम न्युनिकरण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.६२

निम्न टोल विकास संस्था र सामाजिक परिचालकहरुलाई निम्न अनुसार पुरस्कृत गर्ने निर्णय गरियो ।

(क) उत्कृष्ट टोल तर्फ उज्जवल टोल विकास संस्था भ.उ.म.न.पा. वडा नं. ७ लाई उत्कृष्ट सरसफाई र हरियाली प्रवर्द्धन गरेवापत ।

(ख) उत्कृष्ट सामाजिक परिचालक तर्फ भ.उ.म.न.पा. वडा नं. १२ पार्बती बराल

निर्णय नं.६३

यस भरतपुर उप-महानगरपालिका क्षेत्रभित्र देहायका क्षेत्रहरुलाई खुला क्षेत्रको रुपमा कायम गरी सार्बजनिक जानाकारीको लागि सुचना जारी गर्ने निर्णय गरियो ।

क. भ.उ.म.न.पा. वडा नं. ७ कृष्णपुर जग्गा एकीकरण आयोजनाको बोटानिकल गार्डेन क्षेत्र ।

ख. भ.उ.म.न.पा. १० स्थित गेष्ट हाउस चौर

ग. भ.उ.म.न.पा. २ स्थित क्याम्पा चौर

घ. भ.उ.म.न.पा. वडा १५ देखी २९ अन्तर्गत गौचरण लगायत अन्य सार्वजनिक जग्गा

ङ. भ.उ.म.न.पा. ४ स्थित नगरवन

च. भ.उ.म.न.पा. वडा नं. ११ स्थित गणेशथान

छ. भ.उ.म.न.पा. वडा नं. ११ स्थित जलदेवी वन

ज. भ.उ.म.न.पा. २ स्थित नेपाल ट्रष्टको क्षेत्र

झ. भ.उ.म.न.पा. ३ स्थित नारायणी नदी किनार क्षेत्र

ञ. पहिचान भएका अन्य क्षेत्रहरु

निर्णय नं.६४

गत आर्थिक वर्ष ०७१/०७२ मा ल्याण्डकुजर गाडी खरिदको लागी रु ६५०००००। पैसठ्ठी लाख मात्र आन्तरिक आय बाट खर्च लेख्ने गरि यस कार्यालय बाट भएको निर्णय वमोजिम खर्च रकम अनुमोदन गर्ने निणर्य गरियो ।

निर्णय नं.६५

यस अघि गत आ.ब ०७१/०७२ मा भ.उ.म.न.पा वोर्डले अनुमोदन समर्थन गर्ने गरी गरेका सवै निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६६

चालु आ.व. ०७२/०७३ देखी योजनाको Estimate गर्दा Lab Test गर्ने नीतिलाई कार्यान्वयन गर्न Estimate गर्दा नै लाग्ने रकम उल्लेख गर्ने निर्णय गरियो ।

निर्णय नं.१

भरतपुर उप-महानगरपालिका कार्यालयको आ.व.०७१/०७२ को यथार्थ खर्च र आम्दानीको अनुमोदन चालु आ.व.०७२/०७३ को संशोधित अनुमानित आय,व्यय र कार्यक्रमको स्वीकृति एवं आ.व.०७३/०७४ को प्रस्तावित अनुमानित आय,व्यय,नीति,योजना तथा कार्यक्रम यस भरतपुर उप-महानगरपालिका वोर्डवाट निर्णय भई पेश भए वमोजिम दोश्रो नगरपरिषद् बैठकमा छलफल गरि पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२

दोश्रो नगरपरिषद्मा प्रमुख तथा कार्यकारी अधिकृतले देहाय वमोजिमको प्रस्तुत गर्नु भएको वजेट वक्तव्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

दोश्रो नगरपरिषद्वाट क्षेत्रगत नीतिहरु निम्नानुसारको पारित गर्ने निर्णय गरियो ।